# राष्ट्रपति महिला उत्थान

## जीविकोपार्जन सुधार कार्यक्रम

## सञ्चालन कार्यविधि, २०७५

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

## १. भुमिका

नेपाल सरकारको आ.व. २०७३।७४ को नीति तथा कार्यक्रममा जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाहरूको हक, अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता पुऱ्याउन नेपाली महिलाको आर्थिक उन्नति, प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गर्न राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिने उल्लेख भए अनुसार आ.व.२०७३।७४ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालनमा छ । दिगो विकासका लक्ष्य, संयुक्त राष्ट्रसंघको महिला विरुद्ध हुने सबै किसिमको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) र यसको इच्छाधीन आलेखलाई नेपालले अनुमोदन गरिसकेको सर्न्दभका साथै नेपालको संविधानले सबै प्रकारका विभेद सहित लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलाको अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।संविधानमा राज्यका नीति अन्तर्गत असहाय एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिने, मधेसी समुदाय, मुस्लिम र पिछडावर्गलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण, त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने उल्लेख गरिएको छ । सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गरिने व्यवस्था गरिएको छ ।

सबै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धताहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि संचालित विभिन्न कार्यक्रमहरूको कार्यान्वयनबाट महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य र राजनीतिक सूचकहरूमा सकारात्मक परिवर्तन देखिएको छ । तर पनि आर्थिक तथा सामाजिक रुपले पिछडिएका, गरिब तथा सीमान्तकृत महिलाहरूको संख्या अझै पनि उल्लेख्य रुपमा नै रहेको छ । यी वर्गको उत्थान र सशक्तीकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नका लागि उनीहरूको आर्थिक उन्नति, प्रगति, प्रतिष्ठा र सम्मान प्रवर्द्धन गर्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम अगाडि ल्याइएको हो ।

## २. संक्षिप्त नाम र प्रारम्भ

यो कार्यविधिको नाम **"राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** रहेकोछ ।

## ३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :-

(क) 'कार्यक्रम' भन्नाले ***जीविकोपार्जन सुधार कार्यक्रम*** सम्झनुपर्दछ ।

(ख) 'मन्त्रालय' भन्नाले ***महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय*** सम्झनुपर्दछ ।

(ग) 'विभाग' भन्नाले ***महिला तथा बालबालिका विभाग*** सम्झनुपर्दछ, ।

(घ) 'महानिर्देशक' भन्नाले *महिला तथा बालबालिका विभागका महानिर्देशक* लाई सम्झनुपर्दछ ।

(ङ) 'कार्यालय' भन्नाले *स्थानीय पालिकाको कार्यालय* सम्झनुपर्दछ ।

(च) 'संस्था' भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका महिलामात्र सदस्य र पदाधिकारीहरू भएको संस्था/समूह/सहकारी तथा सञ्जाललाई बुझाउने छ ।

(छ) 'विपन्न महिला' भन्नाले द्वन्द्वबाट प्रभावित महिला, कहिल्यै विद्यालय नगएका वा गएतापनि प्रवेशिका परिक्षा/बाह्रकक्षा सम्म उतिर्ण गर्न नसकेका शैक्षिक रुपमा वञ्चित वा आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन खान नपुग्ने परिवारका आर्थिक रुपमा वञ्चित भएको भन्ने सम्झनुपर्दछ ।

(ज) 'बहुविपन्न महिला' भन्नाले दलित वा संकटापन्न जनजाति समुदायकी विपन्न महिला सम्झनुपर्दछ सो शब्दले जुनसुकै समुदायका एकल,अपाङ्गता भएका वा लैङ्गिक हिंसाबाट प्रभावित विपन्न महिलालाई समेत बुझाउने छ ।

## ४. कार्यक्रमको उद्देश्य

(क) जीविकोपार्जन सुधार कार्यक्रमको माध्यमबाट महिलाको जीवनस्तर उकास्ने,

(ख) स्थानिय श्रोत साधन उपयोग र मूल्य श्रृखलाद्वारा महिलाहरूको आर्थिक सशक्तीकरण गर्ने,

(ग) महिला सशक्तिकरणका लागि संगठित महिला संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

## ५. कार्यक्रम संचालन हुने जिल्ला

चालु आ.वमा प्रत्येक प्रदेशमा मानव विकास सुचकांकमा पछि परेका जिल्लाहरु मध्येका ३० जिल्लाहरू (अनुसुची १ मा ब्यवस्था भएका जिल्लाहरू) मा जीविकोपार्जन सुधार कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम बजेटको उपलब्धता र संगठनात्मक क्षमता सुधार गर्दै मन्त्रालयले क्रमशः मुलुकका सबै जिल्लाहरूमा लागू गर्नेछ ।

## ६. कार्यक्रमको क्षेत्र

(१) यो कार्यक्रम मूलतः देहायका तीन क्षेत्रहरूमा केन्द्रित भई सञ्चालन गरिनेछः-

(क) **कृषि केन्द्रित** : महिलाहरूलाई सहकारी र सामूहिक खेती, प्राङ्गारिक खेती, आधुनिक खेती, पशुपालन, मत्स्यपालन जस्ता कृषिक्षेत्रमा आधारित उत्पादनमा आत्मनिर्भर हुँदै एकीकृत विकासको काम गर्न सहयोग गर्ने ।

(ख) **पर्यटन केन्द्रित** : महिलाहरूलाई पर्यटनको क्षेत्रमा होमस्टे, होटेल, रेष्टुरेन्ट ट्रेकिङ, टुर गाइड पर्वतारोहण, भाषा तालिम, ट्राभल व्यवसाय, स्थानीय स्रोत, साधन र संस्कृतिमा आधारित पर्यटकलाई आकर्षित गर्ने लगायतका पर्यटन व्यवसाय सञ्चालन गरेर आर्थिक उपार्जन गर्नको लागि स्थानिय महिलाहरूलाई तालिम, बिउ पूँजी लगायतको सहयोग गर्ने ।

नेपाल सरकार
महिला तथा बालबालिका ... मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) **गैरकृषि क्षेत्र** : वन पैदावार साथै स्थानीय परिवेश हेरेर माग अनुसारको लोकता पेपर उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन लगायत गैरकृषि क्षेत्रमा लक्षित उद्यम व्यवसाय गर्न चाहने महिलालाई तालिम, रोजगार तथा स्वरोजगारको लागि सहयोग गर्ने ।

## ७. कार्यक्रम संचालनको लागि दिइने सहायता कार्यक्रम

छनौट भएका प्रत्येक संस्थाका बढीमा ३० जना महिला सदस्यहरूको लागि आयमूलक व्यवसाय सञ्चालन गर्न प्रतिव्यक्ति रु.१७ हजारका दरले रु. ५ लाख १० हजार (सामूहिक आय आर्जनमा लाग्ने भए सोही बमोजिम समूहमा एकमुष्ट) र समूहका सदस्यलाई तालिम, प्राविधिक टेवासेवा, बजार व्यवस्थापन, आदि प्रयोजनका लागि प्रति समूह रु.१ लाख ८ हजार गरी जम्मा रु.६ लाख १८ हजारसम्म उपलब्ध गराइनेछ ।यसरी उपलब्ध गराउने रकम परियोजना प्रस्तावित बजेटको ८० प्रतिशत भन्दा बढी हुने छैन । प्रस्तावित खर्चको कम्तिमा २० प्रतिशत आन्तरिक रुपमा व्यहोर्नु पर्नेछ ।यस्तो अंश वस्तुगत वा नगद मध्ये जुनसुकै रुपमा हुनसक्नेछ । प्रस्ताव तयारी, कार्यक्रम संचालन, व्यवस्थापन, जनशक्ति परिचालन, यातायात अनुगमन, प्रतिवेदन बैठक खर्च आदि प्रयोजनका लागि यस कार्यक्रमबाट रु. ३२ हजार व्यवस्थापन खर्च थप गरी छनौट भएको संस्थाले यस कार्यक्रमबाट बढिमा जम्मा रु.६लाख ५० हजार सम्मप्राप्त गर्न सक्नेछ । संस्थाले खर्च गर्ने मापदण्ड अनुसूचि २ मा उल्लेख भए बमोमि हुनेछ ।

## ८. संस्था छनौट तथा प्रस्ताव मूल्याङ्कन प्रक्रिया

८.१ कार्यक्रम संचालन गर्न राष्ट्रिय रुपमा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ । महिलामात्र सङगठित भई क्रियाशिल रहेको संस्थाहरू कार्यक्रममा सहभागी बन्न सक्नेछन् । यस्तो संस्था सहकारी ऐन वा संघ संस्था दर्ता ऐनअनुसार दर्ता भई क्रियाशील भएको हुनुपर्नेछ । कृषि क्षेत्र, गैरकृषि क्षेत्र, वन पैदावर, पर्यटन व्यवसाय जस्ता क्षेत्रमा अनुभव प्राप्त इच्छुक महिला संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन् । विपन्न महिलाको आर्थिक उत्थान हुने गरी व्यावसायिक संभाव्यता अध्ययनको प्रतिवेदन सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

८.२ प्रस्तावको ग्राह्यता र मूल्याङ्कन प्रकृयामा देहायको आधार लिइने छ:-

८.२.१ देहायको अवस्था पूरा भएको प्रस्तावमात्र ग्राह्य हुनेछन् । यसरी ग्राह्य प्रस्तावमात्र मूल्याङ्कन प्रकृयामा समावेश हुनेछन् ।

(क) प्रचलित कानून बमोजिम दर्ता र नविकरण भएको संस्था

(ख) करदाखिला गरेको प्रतिलिपि

(ग) अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण सम्पन्न भएको

(घ) संस्थाका सदस्य र पदाधिकारी सम्पूर्ण महिलामात्र भएको

(ङ) दफा (५) बमोजिम कार्यक्रम सञ्चालन हुने जिल्लामा दर्ता भई सोही जिल्लामा कार्यरत संस्था

(च) कालो सूचीमा नपरेका संस्था

(छ) सूचनाको म्यादभित्र विभागमा दर्ता भएका प्रस्ताव ।

८.२.२ प्रस्ताव मूल्याङ्कनका प्रकृयाहरू देहाय बमोजिम हुनेछन्:-

(क) कार्यक्रम सञ्चालन हुने जिल्लाहरू मध्ये एक जिल्लाबाट बढीमा तीनवटा विषयगत क्षेत्रमध्येबाट (कृषि, गैरकृषि र पर्यटन)१/१ वटा संस्थाछनौट गरिनेछ । तीनवटै विषयका प्रस्ताव पेश हुन नआएमा वा पेश भएका प्रस्तावहरू यथेष्ट नभएमा वा कुनै एक विषयका प्रस्तावहरू पनि बढीमा तीनवटा छनौट गर्न बाधा पर्ने छैन ।

(ख) प्रस्ताव पेश गर्दा स्थानीय स्तरमा व्यावसायिक रुपमा काम गरिरहेका वा गर्न तत्पर महिला मात्र सदस्य रही कानून बमोजिम दर्ता भएका महिला संस्थाहरूले सहभागिता जनाउन सक्नेछन् ।

(ग) संस्था छनौट गर्दा संस्थाको विवरण, परियोजनाको विवरण, दिगोपना, आन्तरिक श्रोत, श्रोत परिचालन, बजार व्यवस्थापन लगायतका पक्षहरूलाई समेटी कूल १०० अंक निर्धारण गरी बढी अंक प्राप्त गर्ने संस्थालाई कार्यक्रम सञ्चालन गर्नु प्रत्येक जिल्लाबाट बढीमा ३ वटा संस्थाहरू छनौट गरिनेछ ।

(घ) एउटा गाँउपालिका वा नगरपालिकाबाट एकभन्दा बढी संस्था छनौट गरिने छैन ।

(ङ) मानवविकास सुचकांकमा पछि परेका जिल्लाहरूमा संस्थाले सूचना प्रकाशन हुनु अगावै विधिवत रुपमा दर्ता भई कार्य संचालन गरिरहेको हुनुपर्ने छ ।

(च) संस्थाले यस कार्यक्रम मार्फत कम्तीमा ३० जना महिलाहरूलाई सिप तथा व्यवसायिकता विकास तालिम प्रदान गरि व्यक्तिगत वा सामूहिक रुपमा आयआर्जन व्यवसाय संचालन गर्ने प्रस्ताव पेश गर्नु पर्नेछ ।

(छ) संस्थाको विगतको व्यावसायिक कामको अनुभवका साथै भौगोलिक विकटता, पिछडिएका दलित, जनजाती वा गरिब वर्गका महिलालाई प्राथमिकता दिइनेछ ।

(ज) प्रस्ताव पेश गर्दा उपरोक्त अनुसारका तीन क्षेत्र मध्ये कुन व्यवसाय सञ्चालन गर्ने हो सोको व्यवसायिक योजना तयार गरी पेश गर्नु पर्नेछ ।

८.३ संस्थाले प्रस्ताव पेश गर्दा तोकेको मिति भित्र देहायको विवरण सहित महिला तथा बालबालिका विभागमा पेश गर्नुपर्नेछ :

(क) संस्थाको अवधारणा पत्रसहितको व्यवसायिक योजना (व्यवसायको नाम तथा प्रकृति, लक्षित वर्ग, सहभागी छनौटको प्रकृया, समूह सदस्यको नाम थर, उमेर, शैक्षिक योग्यता, आर्थिकस्तर, परिवारमा अन्य आयआर्जन गर्ने सदस्य भए नभएको, तालिम, प्राविधिक टेवा, बजार, दिगोपना व्यवस्थापन र सोको आधार आदि विषय समावेश भएको हुनुपर्ने)

(ख) प्रचलित कानुन बमोजिम संस्थाको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(ग) कर दाखिला गरेको प्रमाण पत्रको प्रतिलिपि

(घ) स्थानीय सहजीकरण समितिको सिफारिस

(ङ) संस्थाका सञ्चालकहरूको व्यक्तिगत विवरण

(च) अघिल्लो आ.ब.को लेखा परिक्षण प्रतिवेदन

(छ) भौतिक अवस्था देखिने विवरण (जग्गा, भवन, फर्निचर आदि)



... सिंहदरबार, काठमाडौं

(ञ) जनशक्तिको अवस्था (नियमित पारिश्रमिक पाउने गरी कर्मचारी भर्ना गरेको भए)

(झ) कार्यक्रमको प्रस्ताव पेश गर्दा सञ्चालक समितिले स्वीकृत गरी अनुदान माग गरेको निर्णयको प्रतिलिपि

(ञ) संस्थाको विधान र सम्बन्धित स्थानिय तहको सिफारिस ।

(ट) प्रस्तावित सीप तथा व्यावसायिकता विकास कार्यक्रम सम्बन्धी प्राविधिकले प्रस्तावित कार्यक्रममा प्राविधिकसेवा दिने सहमति पत्र ।

(ठ) संस्थाले कुनै बैदेशिक सहायता प्राप्त गरे नगरेको संस्थाको जानकारी पत्र ।

(ड) संस्थाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकायबाट चालु आवमा कुनै कार्यक्रम प्राप्त गरे, नगरेको विवरण ।

(ढ) विगतमा महिला तथा बालबालिका कार्यालय बाट प्राप्त अनुदान बेरुजु नरहेको प्रमाण ।(संस्थाले आफुलाई स्वघोषणा गर्न सक्ने)

८.४ दर्ता हुन आएका प्रस्तावहरू मूल्यांकन गरीकार्यक्रम संचालनका लागि संस्था छनौटको लागि विभागमा सिफारिसगर्न देहाय बमोजमको एक छनौट समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | महिला तथा बालबालिका विभागको महानिर्देशक | संयोजक |
| (ख) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मंत्रालयको राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय शाखा प्रमुख | सदस्य |
| (ग) | कृषि तथा पशुपन्छी विकास मन्त्रालयको उपसचिव प्रतिनिधि | सदस्य |
| (घ) | सहकारी विभाग उपसचिव | सदस्य |
| (ङ) | पर्यटन विभागको उपसचिव प्रतिनिधि | सदस्य |
| (च) | महिला तथा बालबालिका विभागको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ) | महिला तथा बालबालिका विभागको खरिद इकाइ प्रमुख | सदस्य-सचिव |

८.५ समितिले आवश्यकता अनुसार बैठकमा विज्ञ व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

८.६ रीतपुर्वक प्राप्त नभएको प्रस्ताव उपर कुनै कार्वाही हुनेछैन् । यस अघि महिला, बालबालिका तथा ज्येष्ठ नागरीक मंत्रालय/महिला तथा बालबालिका विभाग र साविकको जिल्लास्थित महिला तथा बालबालिका कार्यालयद्धारा दिइएको अनुदानको बेरुजु भएका, फछ्र्यौट नगरेका र अन्य कुनै कारणवस कालो सूचीमा परेका साथै पेश हुन आएका कागजात वा विवरण झुटठा ठहरिएमा त्यस्तो संस्था छनौट गरिनेछैन ।

८.७ सिफारिस समितिको सिफारिस बमोजिम महानिर्देशकले कार्यक्रम सञ्चालन गर्नको लागि संस्थाको छनौट गरी ७ दिन भित्र सम्झौता गर्न आउनका लागि विभागको वेवसाइटमा र सम्बन्धित संस्थालाई टेलिफोन, इमेल जस्ता माध्यमद्वारा जानकारी गराउनु पर्नेछ ।

८.८ म्याद भित्र सम्झौता गर्न आएका संस्थासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न कार्यादेश दिई सोको एक प्रति स्थानीय सहजीकरण समितिलाई दिनु पर्नेछ । छनौट

नेपाल ... मन्त्री तथा मन्त्रिपरिषद्को ... सिंहदरबार, काठमाडौं

भएका संस्था सम्झौता गर्न नआएमा सोही जिल्लाको अन्य मूल्याङ्कित संस्थाहरू मध्ये प्राथमिकताको आधारमा सम्झौता गर्न सकिनेछ ।

९. **संस्था छनौटका आधारहरू :**

(क) देहायका आधारमा कूल १०० अंक कायम गरी प्रस्ताव मूल्याङ्कन गरिने छ :-

| क्र.सं. | विवरण | अकंभार | जम्मा अंकभार | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्ताव र अवधारणा पत्रको मूल्याकंन (विधि/प्रकृया/पद्धति ) | | ४० | |
| २ | संस्थाको भौतिक संरचना | | ५ | |
| ३ | संस्थाको जनशक्तिको अवस्था | | १५ | |
| ४ | संस्थाको सम्बन्धित क्षेत्रको अनुभव | | १० | |
| ५ | स्थानिय स्रोत साधन परिचालनको अंश | | १५ | |
| ६. | भौगोलिक विकटता र मानव विकास सूचकाङ्कमा पछि परेको क्षेत्र/वर्ग | | १५ | |
| | जम्मा | | १०० | |

(ख) संस्था छनौटका आधारहरू आवश्यकता अनुसार पुष्ट्याई गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले थपघट/हेरफेर गर्न सक्नेछ ।

(ग) कार्यक्रम प्रस्तावको ढाँचा र सूचना प्रकाशन सम्बन्धि व्यवस्था विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) सार्वजनिक सूचना प्रकाशन गर्नु अघि दफा ८.४ बमोजिमको छनौट सिफारिस समितिले ९(क) बमोजिमको आधारहरूको उपआधारहरू तयगरी अंकभार निर्धारण गरी सो विवरण गोप्य गरी राख्नु पर्नेछ । मूल्याङ्कन गर्दा सो अंकभार खोली सोही आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।

१०. **लक्षित समूह छनौट प्रक्रिया**

१०.१ कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव पेश गर्ने संस्थाले आफ्नो संस्थाको कार्यक्षेत्रमध्ये आफ्नो संस्थामा आवद्ध (सदस्यता लिएका) महिलाहरू छनौट गरी जीविकोपार्जन क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

१०.२ संस्थाले कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरको भौगोलिक क्षेत्र जुन स्थानीय तहमा पर्दछ सो स्थानीय तहमा कार्यक्रम सञ्चालनमा सहयोग, समन्वय र अनुगमन समेत गर्नका लागि देहाय बमोजिम स्थानीय सहजीकरण समिति गठन हुनेछ :

१) स्थानीय तहका उप-प्रमुख — संयोजक

२) वडाध्यक्ष (कार्यक्रम सञ्चालन हुने वडाका अध्यक्ष) — सदस्य

३) स्थानीय तहका प्रमुखले मनोनयन गरेको स्थानीय तहको एकजना निर्वाचित महिला सदस्य — सदस्य

४) कार्यक्रम सञ्चालन गर्ने संस्थाको प्रमुख — सदस्य

५) महिला तथा बलबालिका शाखा हेर्ने कर्मचारी — सदस्य-सचिव

१०.३ **स्थानीय सहजीकरण समितिको काम, कर्तव्य र अधिकार**

(क) सञ्चालित आय आर्जन कार्यक्रमहरूको अनुगमन, सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(ख) कार्यक्रम सम्पन्न भए पश्चात् महिलाहरूको रोजगार तथा स्वरोजगार भए नभएको जानकारी लिई अभिलेख राख्ने ।

(ग) सञ्चालित कार्यक्रमको प्रतिवेदनका आधारमा महिला तथा बालबालिका विभागमा किस्ता भुक्तानीका लागि सिफारिस गर्ने ।

(घ) व्यवसाय सञ्चालन गर्न प्रति व्यक्ति र समूहमा उपलब्ध भएको रकमको सहि सदुपयोग भए/नभएको अनुगमन गर्ने ।

१०.४ संस्थामा ३० जना लक्षित महिला सहभागी हुने छन् । संस्थामा आवद्ध सबै सदस्यलाई कार्यक्रममा सहभागी गराउन नसकिने अवस्थामा देहायबमोजिम प्राथमिकताको क्रम कायम गरी सहभागी सदस्य छनौट गर्नुपर्नेछ :

(क) एउटा परिवारबाट एक सदस्यभन्दा बढी छनौट नगरिने (यो व्यवस्था जतिसुकै सदस्य भएपनि लागू हुनेछ)।

(ख) बहुविपन्न महिला ।

(ग) गरिब वा गरिबीको परिचय-पत्र प्राप्त गरेका महिला

(घ) परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवार ।

(ङ)परिवारको अन्य आय आर्जनको स्रोत र गरिबीको अवस्था हेरी संस्थाको बैठकले छानेका महिला ।

(च) किशोरी, बुहारीहरु ।

११. **भुक्तानी प्रक्रिया र प्रतिवेदन प्रणाली**

संस्थालाई कार्यक्रम संचालन खर्च दुई किस्तामा स्थानीय सहजीकरण समितिको सिफरिसमा उपलब्ध गराइनेछ । पहिलो किस्ता संस्थासँग सम्झौता भएपश्चात् कार्ययोजना र सहजीकरण समितिको सिफारिसमा पेश्कीको रुपमा पचास प्रतिशत दिइनेछ । अन्तिम किस्ता कार्यसम्पन्न गरेपछि असार मसान्त भित्र उपलब्ध गराइनेछ । संस्थाले विभागसँग सम्झौता गरेपछि सम्झौताबमोजिम कार्यक्रम कार्यान्वयन कार्ययोजना बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ । अन्तिम किस्ता भुक्तानी माग गर्दा कार्ययोजनामा उल्लेख भए बमोजिम कार्यहरू सम्पन्न भएको विवरण सहजीकरण समितिको सिफारिस सहित विभागमा पठाउनुपर्दछ ।

संस्थाबाट भए गरेका कार्यहरूको प्रगति विवरण मासिक रुपमा एकप्रति स्थानीय पालिकाको कार्यालयमा र एकप्रति विभागमा उपलब्ध गराउनुपर्दछ । सम्झौताबमोजिम काम नगरेको वा नियमित रुपमा प्रतिवेदन नगर्ने संस्थासँग महिला तथा बालबालिका विभागले जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्नेछ । सम्झौता रद्द गर्नु पूर्व सम्बन्धित संस्थालाई आफ्नो सफाइ पेस गर्ने मौका बढीमा ७ दिन दिइनेछ । महिला संस्थालाई विभागबाट संस्थाको खातामा एकाउन्टपेयी चेकमार्फत भुक्तानी दिने व्यवस्था मिलाइनेछ । कार्यक्रम सञ्चालन

पश्चात सम्बन्धित संस्थाले लेखा परिक्षण गरि प्रतिवेदन विभागमा पेश गर्नुपर्दछ साथै लेखा परिक्षणबाट बेरुजु देखिएमा सम्बन्धित संस्थाले नै फछ्र्यौट गर्नुपर्दछ ।

## १२. अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्ने संस्थाले सम्झौता पछि कार्ययोजना बमोजिम भए गरेका कार्यहरूको समष्टिगत प्रगति प्रतिवेदन महिला तथा बालबालिका विभागमा पेश गर्नु पर्नेछ । सो प्रतिवेदन साथ सम्बन्धित स्थानीय निकायको प्रतिक्रिया समेत संलग्न गरेको हुनुपर्नेछ।

कार्यक्रमको प्रभावकारिताका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विभाग, निर्देशन समिति, सम्बन्धित स्थानीय सहज़ीकरण समिति र स्थानीय तहबाट अनुगमन गरिनेछ । कार्यक्रम सञ्चालन गर्नेसंस्थाबाट नियमित रुपमा साथ सम्पर्क अनुगमन गरी मासिक, चौमासिक बार्षिक र आवश्यकता अनुसार प्रगति प्रतिवेदन विभागमा पठाउनु पर्नेछ । प्राप्त प्रगति प्रतिवेदनको पुनरावलोकन तथा स्थलगत अनुगमन बाट प्राप्त सुझाव, पृष्ठपोषणहरू संकलन गरि विभागले मन्त्रालयमा पठाउनु पर्नेछ । पृष्ठपोषणको आधारमा कार्यक्रममा थप सुधार गरिनेछ ।

## १३. उद्यमशिलता विकास र वित्तीय पहूच

आयआर्जन कार्यकममा संलग्न महिलाहरुलाई आगामी आर्थिक वर्षहरुको कार्यकममा उद्यमशिलता विकास र वित्तीय पहूचका कार्यकमहरु सञ्चालन गरीने छ ।

## १४ . बाधा अडकाउ फुकाउने

यस कार्यक्रम कार्यान्वयन सम्बन्धी कुनै बाधा द्विविधा परेमा सोको व्याख्या गर्ने,वाधा अडकाउ फुकाउने अधिकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमारहने छ ।

## १५ . संशोधन सम्बन्धी व्यवस्था

यस कार्यविधिमा व्यवस्था गरिएका अनुसूची थपघट गर्ने, संशोधन गर्ने अधिकार मन्त्रालयमा निहीत रहनेछ ।

प्रदेशगत मानव विकास सूचाकाङ्कमा पछि परेका ३० जिल्ला

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|
| प्रदेश नं. १ | | प्रदेश नं. २ | |
| १ | ओखलढुंगा | १ | रौतहट |
| २ | उदयपुर | २ | महोत्तरी |
| ३ | भोजपुर | ३ | सर्लाही |
| ४ | सखुवासभा | ४ | सिरहा |
| | | ५ | धनुषा |
| प्रदेश नं. ३ | | गण्डकी प्रदेश | |
| १ | सिन्धुली | १ | बाग्लुङ |
| २ | सिन्धुपाल्चोक | २ | गोरखा |
| ३ | दोलखा | ३ | म्यादी |
| ४ | रसुवा | ४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) |
| प्रदेश नं. ५ | | कर्णाली प्रदेश | |
| १ | रोल्पा | १ | कालिकोट |
| २ | प्युठान | २ | हुम्ला |
| ३ | रुकुम (पूर्वी भाग) | ३ | जाजरकोट |
| ४ | कपिलवस्तु | ४ | मुगु |
| | | ५ | डोल्पा |
| सुदुर पश्चिम प्रदेश | | | |
| १ | बाजुरा | ३ | अछाम |
| २ | बझाङ | ४ | डोटी |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

अनुसूची ३

## संस्थालाई दिइने कार्यक्रम खर्चको विवरण

**सीप तथा व्यावसायिकता विकास (कृषि, गैरकृषि, पर्यटन प्रवर्द्धन लगायतको) तालिम पाँच दिन**

| सि.नं. | क्रियाकलाप | इकाई | परिमाण | दर रु. | दिन | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | सहभागी आतेजाते | जना | ३० | २००।० | ५ | ३००००।० |
| २ | सहभागी /प्रशिक्षक खाजा खर्च/ | जना | ४० | २००।० | ५ | ४००००।० |
| ३ | तालिम सामग्री/तालिम सञ्चालन स्टेशनरी | पटक | ३० | ३००।० | १ | ९०००।० |
| ४ | प्रशिक्षक भत्ता (सहजीकरण वापत) | कक्षा | १२ | १०००।० | ० | १२०००।० |
| ५ | उद्घाटन/समापन | पटक | २ | २०००।० | ० | २०००।० |
| ६ | प्रतिवेदन तयारी | पटक | १ | १०००।० | ० | १०००।० |
| ७ | हलभाडा | | १ | १०००।० | ५ | ५०००।० |
| ८ | व्यवसाय सञ्चालन खर्च | जना | ३० | १७०००।० | ३० | ५१००००।० |
| ९ | तालिम पश्चात स्थलगत प्राविधिक निरीक्षण परामर्श तथा पुर्नअभ्यास खर्च | पटक | ३ | ३०००।० | ० | ९०००।० |
| | | | | तलिमबापतको जम्मा खर्च | | ६१८०००।० |
| १६ | व्यवस्थापन खर्च(प्रस्ताव तयारी, पेशगर्ने, यातायात आदि ) | एकमुष्ट | | | | ३२०००।० |
| | | | | | जम्मा | ६५००००।० |

**नोट :तालिम संचालन गर्दा नजिकैका कुनै उत्कृष्ट व्यवसायको स्थलगत अवलोकन तथा व्यवसायीसँगको साक्षात्कार समेत गराउने व्यवस्था गर्ने ।**